म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १६९ २०८१ वैशाख २८ गते शुक्रबार 10 May 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-




# प्रदेश युवा सम्मेलन आजबाट सुरु हुँदै

समाज संवाददाता

हेटौँडाः प्रदेश युवा परिषद्को आयोजनामा आज शुक्रबारबाट हेटौँडामा प्रदेश युवा सम्मेलन-२०८१ सुरु हुँदैछ । तीन दिनसम्म चल्ने सम्मेलनमा प्रदेशका २ सय युवा सहभागी हुँदैछन् । आज बिहान हेटौँडाको बुद्धचोकबाट झाँकीसहित प्रभातफेरीको आयोजना हुनेछ । बुद्धचोकबाट सुरु हुने प्रभातफेरी नगर परिक्रमा गरी सम्मेलनस्थल हेटौँडा-४ स्थित रोयल पार्टी प्यालेसमा पुग्नेछ । प्रदेश युवा सम्मेलनको उद्घाटन मुख्यमन्त्री शालिकराम जम्कट्टेलले गर्नुहुनेछ ।




सम्मेलनमा सहभागी युवालाई विभिन्न विषयमा रहेर अन्तरक्रिया, बहस गरिनेछ। अनलाइनमार्फत सहभागी छनोट गरेको परिषद्ले शिक्षा, विदेशमा आर्जित ज्ञान, सीप र पुँजी नेपालमा लगानीको अवस्था र अवसरका विषयमा बहस गर्नेछ । नवप्रवर्तन र उद्यमशीलतालाई मुल मर्म बनाएको परिषद्ले सूचना प्रविधिको विषयमा बहस गर्नुका साथै सहभागीलाई सम्पदा यात्राको समेत व्यवस्था गरेको जनाएको छ । बिहिबार साँझ सहभागीबीच परिचयात्मक कार्यक्रम सम्पन्न भइसकेको छ ।

सम्मेलनमा सहभागी हुने अधिकांश बिहिबार साँझ हेटौँडा आइपुगेका छन् । सम्मेलनमा युवालाई सहभागी गराएर ज्ञान, सीप र व्यक्तित्व विकासमा सहयोग गर्ने प्रयास गरिएको परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले जानकारी दिनुभएको छ। प्रदेशका २ सय युवालाई सहभागी गराएर उनीहरुमा भएका ज्ञान, सीप र दक्षतालाई पनि युवा माझ प्रस्तुत गर्ने अवसर प्रदान गरिने चौलागाईको भनाइ छ । प्रदेश सरकारको विशेष कार्यक्रमको रुपमा गत बर्ष सफलताका साथ सम्मेलन आयोजना गरिएको र यस बर्ष पनि सहभागीको उत्साहजनक सहभागिताले सम्मेलन सफल हुने चौलागाईले विश्वास व्यक्त गर्नुभयो ।

# बागमतीको वर्षे अधिवेशन वैशाख ३१ गतेलाई आह्वान

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको वर्षे अधिवेशन वैशाख ३१ गतेका लागि आह्वान गरिने भएको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले वैशाख ३१ गते दिउँसो १ बजेका लागि वर्षे अधिवेशन आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको आन्तरिक मामिला तथा कानुनमन्त्री एवम् सरकारका प्रवक्ता गङ्गानारायण श्रेष्ठले जानकारी दिनुभयो ।

मन्त्रिपरिषद् बैठकले प्रदेश नीति तथा योजना आयोगमा दीपेन्द्र श्रेष्ठलाई नियुक्त गर्ने निर्णय गरेको छ । बैठकले नमुना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० को पहिलो संशोधन स्वीकृत गरेको छ। बैठकले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मापदण्ड २०८१ स्वीकृत गरेको छ ।

प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् स्थापना हुने स्थान, संगठन तालिका, दरबन्दी तेरिज, कार्य विवरण, छाप र साइनबोर्ड स्वीकृत भएको छ। दरबन्दी तेरिजमा सिटीईभीटी संघीय सरकारले संविधानत प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्नेमा संघीय सरकारले प्रभावकारी ढङ्गबाट कार्यान्वयन नगरेकाले प्रदेशमा कार्यान्वयन गररे जाने भनी प्रस्ताव स्वीकृत गरिएको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो । कार्यालयको लागि १३ कर्मचारी संगठनमा तेरिज गर्ने निर्णय गरेको हो ।

बैठकले वन क्षेत्र प्रयोग हुने रुख कटान गर्ने प्रस्ताव स्वीकृत गरेको छ । मन्त्रिपरिषद् बैठकमा ग्रामीण सडक सुधार आयोजनाअन्तर्गत् हात्तीसुँडे-शिखरपुर-अम्वास सडक मकवानपुरको १९.८२५ किमि सडक स्तरोन्नति गर्ने निर्णय भएको छ । उक्त सडक निर्माणको क्रममा विभिन्न ९६ जातका रुख कटानको लागि प्रदेश सरकारले स्वीकृत गरेको हो । वन ऐन २०७६ को दफा ४२ (३) र वन नियमावली, २०७९ को नियम ८८(१) र (३) बमोजिम उक्त आयोजना सञ्चालनको लागि प्रदेश सरकारले जग्गा प्राप्तिको लागि संघीय सरकारलाई माग गर्नु पर्नेछ ।

प्रदेशको ग्रामीण सडक सञ्जाल सुधार आयोजनाको कार्यालय स्थानान्तरण गर्ने निर्णय गरेको छ । मकवानपुरमा रहेको उक्त कार्यालयले बागमती प्रदेशका ६ वटा योजना कार्यान्वयनको चरणमा रहेकाले ती योजनाहरु भक्तपुरमा बसेर गर्दा सहजीकरण हुने भएकाले कार्यालय भक्तपुरमा राख्ने निर्णय भएको मन्त्री श्रेष्ठले जानकारी गराउनुभयो । बैठकले खरको छानोमुक्त बागमती प्रदेश कार्यक्रम पहिलो संशोधन कार्यविधि २०८१ स्वीकृत गरेको प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो ।

## मकवानपुरगढीमा सार्वजनिक सुनुवाई
# विपद्का घटनाबाट बचाउन स्थानीयको आग्रह

समाज संवाददाता

हेटौँडाः स्थानीयस्तरमा हुने गरेको आगलागी, चट्याङ, बाढी, पहिरोजस्ता विपद्का विषयमा सार्वजनिक सुनुवाइ कार्यक्रम गरिएको छ । मकवानपुरगढी गाउँपालिका वडा नम्बर-६, भालुखोलामा कार्यक्रम गरिएको हो ।

जनपत्र मिडिया प्रालि हेटौँडा-२ को आयोजना तथा संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहकार्यमा सार्वजनिक सुनुवाइ भएको छ। कार्यक्रममा सहभागी स्थानीय बासिन्दाहरुले विपद्का घटनाबाट जोगाउन बागमती प्रदेशका सांसद, मन्त्री तथा स्थानीय तहका जनप्रतिनिधिहरुसँग आग्रह गरेका छन् ।

बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले विपद् व्यवस्थापन गर्नु नै प्रमुख सवाल रहेको बताउनुभयो । सार्वजनिक सुनुवाइ कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले आगलागी, वन डढेलोजस्ता विपद्को सवालमा व्यवस्थापन नै महत्वपूर्ण रहेको बताउनु भएको हो ।

मन्त्री थपलियाले वन जोगाउन हिजो जनतामा जुन प्रकारको जतन/चासो देखिन्थ्यो, आज त्यो नरहेको बताउनुभयो । अहिलेको अवस्थामा दैवीप्रकोपबाट जोगाउने विषयमा बेवास्ता बढेकाले चुनौती भइरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो- 'नियन्त्रणको लागि अब सचेतना बढाउनुको विकल्प छैन । पर्या-पर्यटनलाई जोगाउनु पर्छ । यसमा जनताको चासो र चिन्ता चाहिन्छ । पहिरो नियन्त्रण सम्भव छ । यी सवालहरुमा विज्ञसँग छलफल गरेर आगामी बजेटबाट सम्बोधन गर्न प्रदेश सरकार तयार छ ।'

बागमती प्रदेशका वन तथा वातावरणमन्त्री केशवप्रसाद पोखरेलले विपद्बाट बचाउँदै जिउधनको सुरक्षा गर्ने काम जनप्रतिनिधिको रहेको बताउनु भएको छ । सार्वजनिक सुनुवाइ कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पोखरेलले अहिले बजेट र योजना बनाउने बेलामा सार्वजनिक सुनुवाइ गरेर जनताको गुनासो सुन्ने उचित समय भएको बताउनुभयो ।

सार्वजनिक सुनुवाइ कार्यक्रमका सुझावलाई योजनामा समेट्न सजिलो हुने मन्त्री पोखरेलको भनाइ छ। 'जनताको जिउधनको सुरक्षा हामी जनप्रतिनिधिहरुको कर्तव्य हो', मन्त्री पोखरेलले भन्नुभयो- 'आगामी योजनामा जनगुनासाहरुलाई समेट्न कोशिस गरिनेछ ।' आगालागी नियन्त्रणको लागि पूर्वतयारी आवश्यक भएको आभाष गरेको मन्त्री पोखरेलले बताउनुभयो ।

प्रदेशको कुल भूभागको ५३ प्रतिशत जमिन वनले ढाकेको बताउँदै उहाँले भन्नुभयो- 'वनलाई आर्यआर्जनसँग जोड्न र वनको काठ प्रयोग गर्न प्रदेश सरकारले यसअघि (चैत्र २० गते) नै स्वदेशी काठमात्रै प्रयोग गर्ने निर्णय गरिसकेको छ। वनमा डढेलो लाग्नै नदिन र वनलाई जनजीविकासँग जोड्न प्रदेश सरकारलाई दबाब पुगेको छ। स्थानीय समूह, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको समन्वयमा यस्ता विपद् रोक्नका लागि सहकार्य गर्नुपर्छ ।'

बागमती प्रदेशसभाका सदस्य भारती पाठकले वन डढेलोले मानवीय क्षतिको समेत जोखिम बढेको बताउनुभएको छ । सार्वजनिक सुनुवाइ कार्यक्रममा बोल्दै उहाँले वनमा डढेलो लाग्न नदिन सचेत हुनुभन्दा लापरबाही बढी हुन थालेको बताउनुभयो ।

प्रदेशसभा सदस्य पाठकले भन्नुभयो-'वन डढेलो आवश्यक पनि छ। तर, अहिले व्यवस्थापनको कमजोरी र सीपको अभावका कारण वन डढेलो विपद् बन्न पुगेको हो ।' यसको बारेमा बहस हैन पूर्वतयारी आवश्यक रहेको उहाँले बताउनुभयो। वनको काठ, जडिबुटी नष्ट भएको उहाँले बताउनुभयो । अहिले वन जोगाउन जनचेतनासँगै सीप पनि चाहिएको भन्दै प्रदेशसभा सदस्य पाठकले अग्नि नियन्त्रणमा लाग्नेहरुको सुरक्षामा प्रदेश सरकारको भूमिकाबारे समितिमा सल्लाह गर्ने बताउनुभयो ।

बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठले सबैले आ-आफ्नो स्थानमा विपद्बाट बचन ध्यान दिनुपर्ने बताउनुभयो । अहिले बागमती प्रदेश र मकवानपुर जिल्लामा समेत विपद्का घटना धेरै भएकाले यसको पूर्वतयारीमा लाग्न सरकारले ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

जनपत्र मिडिया प्रालिका अध्यक्ष हरि हुमागाईको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य विन्दु श्रेष्ठ, सकुन्तला श्रेष्ठ, बालकुमारी विश्वकर्मा, मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान, निवर्तमान अध्यक्ष विदुर हुमागाई, वडा नम्बर ६ का वडा अध्यक्ष कृष्णप्रसाद बजगाईले विपद्बाट हुने जोखिम नियन्त्रणका लागि सबै एक भएर लाग्नुपर्ने बताउनुभयो ।

मकवानपुरगढी गाउँपालिकाभित्र रहेको शिवम् सिमेन्ट र हेटौंडा सिमेन्ट उद्योगको खानीमा जथाभावीरुपमा उत्खनन् गरेका कारण बाढी, पहिरोका घटना बढ्दै गएको स्थानीय टीका दाहालले गुनासो गर्नुभयो । विशेषगरी मकवानपुर गढीको बुङ्दल, सोलिथुमको चुहार लगायतका क्षेत्रमा निकै चट्याङका घटना हुने गरेको सहभागीहरुको गुनासो छ । निर्माणाधीन पुल समयमा नबन्दा वर्षायाममा भेलले गाउँलाई असर गर्ने मकवानपुरगढी-५ का अर्जुन न्यौपानेले बताउनुभयो ।

# मकवानपुरगढीको १ नम्बर वडामा निःशुल्क शिक्षा घोषणा



समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाले वडा नम्बर १ लाई अनिवार्य तथा निःशुल्क शिक्षायुक्त वडा घोषणा गरेको छ । बिहीबार एक कार्यक्रमका बीच १ नम्बर वडा अध्यक्ष एवम् वडा शिक्षा समितिका अध्यक्ष आइत सिंह लोको सभाध्यक्षता तथा मकवानपुरगढी गाउपालिकाका उपाध्यक्ष मानकुमारी पाख्रिनले वडामा निःशुल्क शिक्षा लागू भएको घोषणा गर्नुभएको हो ।

नेपालको संविधानको भाग ३ को धारा ३१ मा शिक्षाको हकअन्तर्गत् रहेको आधारभूत तहसम्म निःशुल्क तथा अनिवार्य शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा घोषणा गर्ने तयारीमा गाउँपालिका रहेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, नियमावली २०७७ र अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा कार्यविधि २०८० बमोजिम हस्ताक्षरपत्रमा हस्ताक्षर गरी १ नम्बर वडालाई निःशुल्क शिक्षा वडा घोषणा गरिएको गरिएको गाउँपालिकाका शिक्षा सहजकर्ता कमल फुयाँलले जानकारी दिनुभयो ।

वि.सं २०८५ सालभित्र देशका सबै ७ सय ५३ वटै स्थानीय तहमा निःशुल्क शिक्षा घोषणा गर्ने कार्यविधि रहेको छ । यसै कार्यविधिलाई आधार मानेर जेठ महिनाभित्र मकवानपुरगढी गाउँपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने तयारी गरिएको फुयाँलले जानकारी दिनुभयो। गाउँपालिकाले जेठ १४ गते २ नम्बर, १० गते ३ नम्बर, ११ गते ४ नम्बर, ४ गते ५ नम्बर, १८ गते ६ नम्बर, १६ गते ७ नम्बर, १७ गते ८ नम्बर वडालाई निःशुल्क शिक्षा वडा घोषणा गर्ने तयारी रहेको बताइएको छ ।

गत आर्थिक वर्ष २०७९/०८० मा मकवानपुरको बागमती गाउँपालिका र कैलाश गाउँपालिका निःशुल्क तथा अनिवार्य शिक्षा घोषणा भएको छ भने आर्थिक वर्ष चालु आर्थिक वर्ष २०८०/०८१ मा मकवानपुरगढी गाउँपालिका र थाहा नगरपालिकालाई घोषणा गर्ने तयारी रहेको छ ।

घोषणा कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र कार्कीको विशेष आतिथ्य रहेको थियो। गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख रामबहादुर घलान, वडाका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष एवम् प्रतिनिधि, प्रधानाध्यापक एवम् शिक्षक, बाल समूह, किशोरी समूह, राजनैतिक दल, टोल विकास संस्था, आमा समूह, वडा जनप्रतिनिधिहरु, सहकारी, वन समूहलगायत संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको उपस्थितमा मकवानपुरगढी गाउँपालिका वडा नम्वर १ लाई अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको वडा घोषणा गरिएको फुयाँलले जानकारी दिनुभयो ।

## प्रशिक्षार्थी कर्मचारी आवश्यकता

यस समृद्ध समाज राष्ट्रिय दैनिकका लागि बजार प्रतिनिधिको रुपमा काम गर्ने गरी तपसील बमोजिम प्रशिक्षार्थी कर्मचारी आवश्यक भएकोले योग्य नेपाली नागरिकबाट २०८१ साल बैशाख २८ गतेभित्र दरखास्त आव्हान गरिन्छ ।

**तपसील**

पदः बजार प्रतिनिधि (प्रशिक्षार्थी)
आवश्यक संख्याः २ (दुई) जना
शैक्षिक योग्यताः व्यवस्थापन संकायमा १२ कक्षा उत्तीर्ण ।
ग्राह्यताः स्नातक तह अध्ययनरत । मोटरसाइकल/स्कुटर चलाउन सक्ने, सवारी चालक अनुमतिपत्र भएको, अनुभवी ।
आवश्यक कागजातः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित निवेदन ।

समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौँडा-४, अजरअमररोड
०५७-५२६८३०/९८५५०६८२२७

# सम्पादकीय

## जग्गा विवादको समाधान

हेटौंडा उपमहानगरपालिकाले सशस्त्र प्रहरी बललाई दिने भनेको जमिनमा विवाद देखिएको छ । उपमहानगरपालिकाको गत बैशाख १७ गतेको कार्यपालिका बैठकको निर्णयबाट सशस्त्र प्रहरी बल १४ नम्बर गणलाई हेटौंडा-८ को ५ बिगाहा जमिन दिने निर्णय भएको थियो । उपमहानगरपालिकाले सशस्त्र प्रहरी बललाई दिने निर्णय गरेको जमिनमा २५ वर्षदेखि व्यक्तिले भोगचलन गर्दै आएको पाइएपछि विवाद सुरु भएको हो । हेटौंडा उपमहानगरपालिका-८ मा रहेको कित्ता नम्बर २५७ को ५ बिगाहा जग्गा २०५६ सालबाट व्यक्तिले भोगचलन गरी खेती गर्दै आएको बताइएको छ । आफूले भोगचलन गर्दै आएको जग्गा उपमहानगरपालिकाले एकलौटी ढंगबाट सशस्त्र प्रहरीलाई दिने निर्णय गरेको भन्दै जमिन भोगचलन गर्दै आएका बलराम पौडेलले असन्तुष्टि व्यक्त गरेका हुन् । आफूले पैसा तिरेर उक्त जग्गा किनेर खेती गर्दै आएको पौडेलको दावी छ । २०५६ सालमा तत्कालीन वडा अध्यक्षको रोहबरमा १ लाख ५० हजारमा उक्त जग्गा किनेको पौडेलले दावी गरेका हुन् ।

जीवनभर रगत पसिना बगाएर कमाएको सम्पति उपमहानगरपालिकाले भन्दैमा त्यत्तिकै नदिने पौडेलले बताएका छन् । उपमहानगरपालिका प्रमुखले जग्गा दिने निर्णय भइसकेको भन्दै आफ्नो कुरा नसुनेको पौडेलको गुनासो छ । कसैले भन्दैमा आफूले भोगचलन गर्दै आएको जग्गा नदिने अडान लिंदै जबर्जस्ती गरे गोली खाएर मर्न तयार रहेको पौडेलको भनाइ छ । हेटौंडा उपमहानगरपालिका-८ का वडा अध्यक्षले सशस्त्र प्रहरीले उक्त जग्गा माग गरी निवेदन ल्याएको भए पनि  आफूले सिफारिस नदिएको बताएका छन् । उपमहानगरको कार्यपालिका बैठकले निर्णय गरेकाले आफूले सरकारको निर्णय पालना गर्ने वडा अध्यक्षको भनाइ छ । केही समयअघि पनि उक्त जग्गामा भूमिहीन आएर बस्न खोज्दा विवाद भएको थियो । सरकारले भूमिहीनलाई बसोबास गर्दै आएको स्थानमा भोगचलनको आधारमा जग्गा उपलब्ध गराउने भनेसँगै केही व्यक्तिहरु आएर उक्त जग्गामा बस्न खोजेका थिए । प्रहरी प्रशासन लगाएर उनीहरुलाई हटाउन परेको थियो ।

देशमा वि.सं २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि सरकारले विभिन्न समयमा लक्षित वर्गका मानिसलाई ऐलानी जग्गा भोगचलन गर्न दिँदै आएको छ । विगतदेखि नै भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोबासी र प्रकोप पीडितलगायतलाई सरकारले जग्गा उपलब्ध गराउँदै आएको पाइन्छ । सरकारले जग्गा दिने आशामा सर्वसाधारणले ऐलानी जग्गामा बसोबास गर्ने, जंगल, झाडी फाँडेर जोतभोग गर्ने गर्दै आएका छन् । अहिले पनि देशका सबै क्षेत्रमा लाखौं भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरु वर्षौंदेखि आफूले भोगचलन गर्दै आउको जग्गाको लालपुर्जा पाउने आशमा बसिरहेका छन् । भूमिहीन, सुकुम्बासीको समस्या समाधान गर्न भनेर सरकारले थुप्रै आयोग बनाउँदै आएको भए पनि समस्या समाधान हुन सकेको छैन । आयोग गठन भएपछि सुकुम्बासीको विवरण संकलन गर्ने र प्रतिवेदन सरकारलाई बुझाउने गर्दै आएको भए पनि भूमिहीन र सुकुम्बासी अन्यौलमै रहेका छन् ।

मुलुकका राजनीतिक नेतृत्व तथा सरकारले समय-समयमा सुकुम्बासीहरुका लागि विभिन्न आश्वासन बाँड्ने गरेका कारण सुकुम्बासीको संख्या पनि बढ्दै गएको छ । सरकारले दिने सुविधा उपभोग गर्न भएका घरजग्गा बिक्री गरी सुकुम्बासी बन्ने, नक्कली सुकुम्बासी बनी सार्वजनिक जमिन ओगट्ने परिपाटी पनि उत्तिकै छ । अन्यत्र जग्गा जमिने भएर पनि राजनीतिक तथा अन्य पहुँचको आधारमा सार्वजनिक र ऐलानी जग्गा भोगचलन गर्ने र बास्तविक भूमिहीनहरुको स्पष्ट पहिचान नहुँदा कतिपय व्यक्तिहरु जीवनभर सुकुम्बासी बन्नु परिरहेको छ । बास्तविक भूमिहीनले भोगचलन गर्दै आएको जमिन सरकारले त्यत्तिकै खोस्नु उनीहरुमाथि अन्याय हुन्छ । अहिले हेटौंडा-८ को जग्गा विवादको उचित छानविन गरेरमात्र जग्गा दिने निर्णय गर्नु आवश्यक देखिन्छ । जग्गा भोगचलन गर्दै आएका व्यक्तिलाई अन्याय नहुने गरी विवाद समाधान गरिनुपर्छ । हेटौंडा उपमहानगरभित्रका सार्वजनिक जग्गाको लगत संकलन गरेर उचित व्यस्थापनमा उपमहानगर नेतृत्वले ध्यान दिनु आवश्यक छ ।

# विद्यालय तहको प्राविधिक शिक्षाको एकै केन्द्र बनाऔं



✍ रमेश प्रसाद लामिछाने

१. शिक्षा भन्नु नै जान्नु हो । विषयवस्तुको जानकारी हुनु हो । थाहा भएका र जानेका कुरा प्रयोगमा ल्याउनु हो। ज्ञान र सीपको संयोजन नै शिक्षाको मूल मर्म हो । शिक्षालाई सीपसँग अनि सीपलाई उत्पादनसँग र उत्पादनलाई बजार व्यवस्थापनसँग जोड्ने सन्दर्भ शिक्षामा चर्चित बनेको छ ।  प्राविधिक शिक्षाले सीपको नेतृत्व गर्दछ । साधारण शिक्षाले ज्ञानको नेतृत्व गर्दछ । प्राविधिक शिक्षा भित्र ज्ञान र साधारण शिक्षा भित्र सीप शुन्य हुने भन्न खोजिएको पटक्कै होईन । प्रसंग, शैक्षिक चारित्रिक नेतृत्वको र आम प्रकृतिसँग जोडिएको छ । यसरी शिक्षामा ज्ञान र सीप, सिक्काका दुई पाटा हुन् । यी दुबै पक्ष हाम्रो चासो बन्नै पर्दछ। एउटाको अनुपस्थितिमा अर्को सवल देखिँदैन।

साधारण र प्राविधिक शिक्षामा कुन अगाडि भनेर बहस गर्नु भनेको कुखुरा र अण्डामा कुन पहिला भन्नु जस्तै हो । गरेर सिक्ने र सिकेर गर्ने, दुबै प्रचलनमा छन्। मात्रात्मकरुपमा कम र बेसी हुन सक्छ । मानव सभ्यताको आदिकालमा नै ज्ञान र सीपसँगै प्रादुर्भाव भएको इतिहासमा भेटिन्छ। शिक्षामा विशिष्टिकरणले उच्च महत्व राख्दछ । विषयगत दक्षताका शाखाहरुको सीमा हुँदैन । हाम्रा विद्यालयस्तरमा दुई छाताका दुई प्राविधिक शिक्षा छन्। पहिलो सिटिईभिटि बाट संचालित र दोश्रो हालको शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट।

२. पहिलो, वि.सं. २०४५ सालमा बनेको कानूनबाट सिटिईभिटि स्थापना गरियो । यसले सिटिईभिटिका आंगिक र सम्बन्धन प्राप्त संस्थाहरु मार्फत शिक्षा प्रदान गरिरहेको छ । आंगिक अन्तर्गत सिटिईभिटिकै पूर्ण अनुदानमा संचालित शिक्षालयहरु पर्दछन् र टिइसिएस अन्तर्गतका विद्यालयहरुमा प्रयोगशालाका लागि थोरै अनुदान उपलब्ध हुने गर्दछ। सिटिईभिटिकै वेभ साईटको पछिल्लो तथ्याङ्क अनुसार, आंगिक प्रकृतिका शिक्षालय तथा तालिम केन्द्रहरु ६३ वटा छन्। अर्को, सम्बन्धन प्राप्तमा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) भनिन्छ । यो प्रकृतिका स्कूलहरु ५७२ वटा पुगिसकेका छन्। अनि, सिटिईभिटिकै स्विकृतिमा ४२९ वटा नीजि संस्थाहरु संचालित छन् भने सिटिईभिटिका पार्टनर सीप अन्तर्गत ४२ वटा संस्थाहरु संचालनमा भएको जनाइएको छ। यसरी कूल ११०६ वटा प्राविधिक शिक्षालयहरुले ८० भन्दा बढि प्राविधिक विषयहरुमा शिक्षा प्रदान गर्दै आइरहेको  भनिएको छ। साथै, बहुप्राविधिक शिक्षालयहरु ५ वटा निर्माणाधिन पनि रहेका छन्। सिटिईभिटि अन्तर्गत मूलतः तीन प्रकारका प्राविधिक शिक्षा प्रदान गरिँदै आएको भेटिन्छ।

**क. टिएसएलसी** : एसएलसी/एसईई वा सो सरह पश्चात १५ महिने कोर्स र ३ महिना ओजेटि। यो तालिममा आधारित नन एकाडेमिक । मूल विषयहरु, कृषि, डेरी, विद्युत, पशु, स्वास्थ्य, ईन्जिनियरिङ, वन, प्रविधि, आईटी, आदि ।

**ख. डिप्लोमा** : एसएलसी/एसईई वा सो सरह पश्चात ३ वर्षे कोर्स । यो लेभल उत्तीर्ण भनेको कक्षा १२ वा सो सरह समकक्षता प्रदान भएको प्रयोगात्मक र एकाडेमिक कोर्स । मूल विषयहरु (कृषि, पशु, डेरी, स्वास्थ्य, ईन्जिनियरिङ, वन, प्रविधि, आईटी, विद्युत, आदि ।

**ग. सीपमूलक तालिम** : छोटो र लामो अवधिका तालिमहरु, कम्तिमा ३९ घण्टादेखि बढिमा १५०० घण्टासम्मका। मूल विषयहरु, कृषि, पशु, डेरी, स्वास्थ्य, ईन्जिनियरिङ, वन, प्रविधि, आईटी, विद्युत, होटल म्यानेजमेन्ट, श्रृंगार, फर्निचर/काठ तथा बाँसको सामग्री उत्पादन र निर्माण, सिलाई बुनाई, डकर्मी, व्यवसाय संचालन, आदि।

३. दोश्रोमा, तत्कालिन शिक्षा विभाग र हालको शिक्षा तथा मानवश्रोत विकास केन्द्र अन्तर्गत संचालित विद्यालयस्तरका प्राविधिक शिक्षा भन्ने बुझिन्छ । वि.सं.२०७० सालमा तत्कालिन शिक्षा विभागले सामुदायिक स्कूलहरुमा कक्षा ९ देखि १२ कक्षासम्म प्राविधिक कक्षा संचालनको नीति कार्यान्वयनमा ल्याएको हो। नेपाल सरकारले वि.सं. २०७५जेठ ६ गते शिक्षा विभागको नाम परिवर्तन गरी शिक्षा तथा मानवश्रोत विकास केन्द्र निर्णय गरे पश्चात पनि सरकारी स्कूलको प्राविधिक धारलाई निरन्तरता दिईयो । यस अन्तर्गतका विद्यालयहरुमा प्रशिक्षक दरबन्दी, प्रशासनिक तथा प्रयोगशाला लगायतका अनुदान सरकारले उपलब्ध गराउने भएकाले आकर्षण बढेको पाईन्छ।

एकातिर, सरकारी अनुदान अनि अर्कोतर्फ विद्यार्थीका लागि अवधिको कोणबाट सिटिईभिटिको भन्दा एक वर्ष कममा उक्त कोर्ष पूरा हुने भएकाले पनि धेरै विद्यालयहरु ९-१२ कक्षाको प्राविधिक धार संचालनमा दौडधुप नै गरेको देखियो। सरकारले पनि हरेक पालिकामा कम्तिमा १ प्राविधिक स्कूल भन्ने नारा नै ल्यायो। यो प्रकृतिका कक्षाहरु हाल १५९१ स्कूलहरुमा संचालन भइरहेको उल्लेख गरि एको छ। यस अन्तर्गत पनि सिटिईभिटिको डिप्लोमा झैं मूल विषयहरु-कृषि, पशु, डेरी, ईन्जिनियरिङ, वन, प्रविधि, आईटी, विद्युत, आदि विषयहरु अध्ययन अध्यापन हुँदै आएको छ । अनमी, अहेव, हेअ, स्टाफ नर्स लगायतका स्वास्थ्य विषय भने यो प्रकृतिका सरकारी विद्यालयमा संचालन भएको पाईंदैन ।

४. निश्चय नै, जथाभावी र हचुवामा स्कूल कलेज तथा प्राविधिक शिक्षाको अनुमति स्विकृति तथा सम्बन्धन दिएकै कारणले आज धेरै शिक्षण संस्थाहरु संकटमा परेका छन्। धेरैजसो राजनीतिक प्रेसर र आर्थिक लेनदेन अनि व्यक्तिगत प्रभावले समेत शिक्षामा समस्या आएको तथ्यमा शंका छैन । यस्तै बेथिति र अनावश्यक हस्तक्षेपकै कारणले स्कूल गाभ्ने र स्थगनको नीति आएको हुन सक्छ। अब कलेजहरु मर्ज गर्नैपर्ने स्थिति आइसकेको छ । सँगै प्राविधिक शिक्षण संस्थाहरुको अवस्था पनि नाजुक बन्दै गइरहेको स्पष्ट देख्न सकिन्छ । विद्यार्थी नभएकै कारणले शिक्षालयहरु क्रमशः बन्द भइरहेका समाचार हामी पढिरहेका छौं । यी सबै शैक्षिक संकटको मूल कारण नै हचुवा शिक्षा प्रणाली हो। व्यक्तिगत पदीय स्वार्थ र व्यवसायसँग शिक्षा जोडियो ।

५. विद्यार्थी संख्याको यकिन गरी उनीहरुले पढ्न, सिक्न चाहेको विषयहरु निर्धारण गरिनु पर्दछ। त्यस्ता विषयहरुको आवश्यकता र बजारमा मागको अवस्थाबारे ठोस विश्लेषण गरिनु अनिवार्य छ । विद्यार्थीले हासिल गरेका सीप र ज्ञानको उपयोग गर्ने मूलत पाँच क्षेत्र सहजै देख्न सकिन्छ । स्वरोजगार, वैदेशिक रोजगार, गैरसरकारी, अर्धसरकारी र सरकारी क्षेत्रमा प्रत्येक वर्ष आवश्यक जनशक्ति संख्याको क्षेत्रगत र विषयगत विश्लेषण नै हाम्रो शिक्षाको प्रारम्भिक योजना बनाउनु पर्दछ। कुन भूगोलमा कुन विषय उपयुक्त हुन्छ, सोको पर्याप्त ज्ञान शैक्षिक योजनाकारमा हुनै पर्दछ । सत्ता र पदको चाकडी हैन, यो देशको समृद्धिका लागि र बेरोजगारको अन्त्यका लागि शिक्षा योजना बन्नु बनाउनु र कार्यान्वयन गर्नुपर्दछ । योजना मात्र अभिलेखालयका लागि हैन, कार्यान्वयनका लागि हुनुपर्दछ ।

६. हाम्रो जस्तो विकासोन्मुख देशमा डाक्टरहरु, ईञ्जिनियरहरु, कृषि तथा वनका विज्ञहरु रोजगारीका लागि भौंतारिरहनु दुर्भाग्य मात्र नभई अभिशाप नै जस्तो बुझिन्छ । कुन स्थानमा के-के विषयको जरुरी र ती विषयहरुबाट कस्ता जनशक्ति उत्पादन भै स्थानीय र राष्ट्रिय अपेक्षा पूरा गर्न सकिन्छ भनेर विश्लेषण हुनु जरुरी छ । कृषि, पशु, व्यवसाय, प्रविधि, वन, ईञ्जिनियरिङ, पर्यटन, उद्योग आदि कुन स्थानमा, किन, कसरी, जस्ता कुराहरुको सुक्ष्म र ठोस विश्लेषण पहिलो काम हो । हाम्रो प्राविधिक शिक्षामा संस्थाहरु थपेर भन्दा पनि भएकाको उपयुक्त व्यवस्थापन पहिलो र जरुरी विषय महसुस भएको छ । विद्यमान कुनै विश्वविद्यालयलाई नै प्राविधिक विश्वविद्यालय घोषण गरेर हाल संचालित सबै प्राविधिक शिक्षण संस्थाहरुलाई एकै छातामुनी संचालन र व्यवस्थापन गर्न सकिन्छ जुन वैज्ञानिक देखिन्छ ।

७. अन्तमा, कक्षा १२ सम्म विद्यालय तह मानिएको सन्दर्भमा यो लेभलका प्राविधिक शिक्षालाई एकै छातामुनी संचालनका आवाज व्यापक उठे तापनि सोको सुनुवाई कतै भएको छैन । यो आश्चर्यको विषय बनेको छ। कस्का-कस्ता स्वार्थका कारणले एकै प्रकृतिका उही लेभलका प्राविधिक शिक्षालाई दुई फरक संस्थाबाट चलाएर शिक्षा लिने दिने दुबै पक्षमा अन्यौल बनाउने काम भएको हो सो को कुनै बेला गह्रुँगो मूल्य चुक्ता गर्ने दिन नआउला भन्न सकिन्न । शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाटै संचालन गर्ने हो भने सिटिईभिटिलाई केन्द्रमै समाहित गर्न सकिन्छ । यो त चासो र तत्परताको विषय हो । हैन, विद्यालय तहको प्राविधिक शिक्षा सिटिईभिटिलाई नै जिम्मा दिएर पनि केन्द्र थोरै हलुका महसुस गर्न सक्छ। आवश्यकता अनुसार सिटिईभिटिलाई भने प्रदेश सरकार मातहत राख्ने हो भने थप प्रभावकारी बनाउन सकिन्छ। कुनै पनि एक विकल्पको छनौट गरी हालको एक शरीर दुई टाउके प्राविधिक शिक्षालाई एक शरीर एकै टाउको बनाउनमा जिम्मेवार पक्षहरुको ध्यानाकर्षण गर्दछु ।

*(लामिछाने सेवा निवृत्त शिक्षक हुनुहुन्छ ।)*

# महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी  ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

# तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय योग छ । |
| **वृष** | : वैदेशिक प्रयोजनका कामबाट लाभ प्राप्त होला । |
| **मिथुन** | : परीक्षा र प्रतिस्पर्धाका काममा सफलता प्राप्त होला । |
| **कर्कट** | : अध्ययन–अध्यापनका काममा सरिक भइने छ । |
| **सिंह** | : पराक्रम र उत्साहमा वृद्धि हुने समय योग छ । |
| **कन्या** | : लेखाइ–पढाई ठिकै खालको रहेको देखिन्छ । |
| **तुला** | : अध्ययन–अध्यापनका कामहरु ठिकै रहलान् । |
| **वृश्चिक** | : पठन–पाठनको क्षेत्र मध्यमकारक रहेको छ । |
| **धनु** | : धार्मिक यात्रा योगमा सरिक भइने समय योग रहेको छ । |
| **मकर** | : व्यापार–व्यवसाय मध्यमकारक रहने योग छ । |
| **कुम्भ** | : सामाजिक तथा धार्मिक कृत्यमा सरिक भइने छ । |
| **मीन** | : धार्मिक कृत्यले मन शान्त हुने समय योग छ । |

# सार्वजनिक खरिद व्यवस्थापन



✍ ललितकुमार यादव

सार्वजनिक स्रोतसाधनको कुशल प्रयोग कुनै पनि सरकारको सफलताको मापक हो । राज्यशक्ति प्रयोगको साधन पनि हो, सार्वजनिक स्रोत । सार्वजनिक खरिद सरकारी निकायले गर्ने खरिदमा स्वीकार्य विधि र मापदण्डको प्रयोगसँग सम्बन्धित छ। सार्वजनिक खरिद प्रक्रिया खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय हुनु आवश्यक हुन्छ। यसका लागि उपयुक्त कानुनी व्यवस्था, सशक्त संस्थागत संरचना, खरिद प्रतिस्पर्धी वातावरण र खरिद कार्य योजनाअनुसारको खरिद तत्परता हुनु आवश्यक हुन्छ ।

सार्वजनिक खरिद सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको एक महत्वपूर्ण अंग हो । नेपालमा कुल गार्हस्थ्य उत्पादनको २० प्रतिशतभन्दा बढी सार्वजनिक खरिद हुने गरेको छ। त्यसैले सार्वजनिक खरिदको प्रभावकारितामा समग्र अर्थतन्त्रको गुणस्तर र विकास धेरै हदसम्म निहित रहेको हुन्छ। सार्वजनिक खरिद बजेट कार्यान्वयनको महत्वपूर्ण संयन्त्र भएकाले बजेट कार्यान्वयनको प्रभावकारिता र पुँजीगत खर्चका लागि सार्वजनिक खरिद प्रणाली प्रभावकारी हुन आवश्यक हुन्छ । सार्वजनिक खरिद प्रणालीको प्रभावकारिताका लागि सार्वजनिक निकाय र आपूर्तिकर्ता दुवैको क्षमता वृद्धिको आवश्यकता हुन्छ । सार्वजनिक खरिद प्रणालीमा सामयिक सुधारको आवश्यकता पर्छ ।

सार्वजनिक खरिद सार्वजनिक निकायले प्रतिस्पर्धामार्फत वस्तु वा सेवाको प्राप्ति गर्ने विषयसँग सम्बन्धित छ। सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक खरिद भन्नाले सार्वजनिक निकायले यस ऐनबमोजिम कुनै मालसमान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्य सम्झिनुपर्छ। सार्वजनिक निकायले सार्वजनिक स्रोतसाधन खर्च गरी गर्ने खरिद सार्वजनिक खरिद हो। सार्वजनिक निकायहरूले आफ्ना जिम्मेवारी पूरा गर्न, जनतालाई सेवा प्रवाह गर्न एवं विकासका कार्यहरू सञ्चालन गर्नका लागि आवश्यक पर्ने वस्तु तथा सेवा र निर्माण कार्यका प्राप्ति सरकारी कोष प्रयोग गर्नुपर्ने हुन्छ ।

सार्वजनिक खरिद प्रणालीले निश्चित कार्यविधिको प्रयोग, पारदर्शिता, इमानदारिता, जवाफदेहिता, विश्वसनीयता, मितव्ययिताका आधारमा सुशासनको प्रत्याभूति, प्रतिस्पर्धाको अभिवृद्धि, भेदभावरहित अवसरको सिर्जना, भ्रष्टाचाररहित अवस्थाको सिर्जना, सार्वजनिक खर्चको अधिकतम प्रतिफल प्राप्ति आदि विषयलाई समेट्छ ।

खरिद आवश्यकता पहिचान गरी उपयुक्त समयमा उपयुक्त वस्तु तथा सेवा मितव्ययी, औचित्यपूर्ण ढंगले छिटोछरितो माध्यमबाट गुणस्तरीय वस्तु, सेवा खरिद गरी संस्थाको उच्चतम लक्ष्य उद्देश्य प्राप्ति गर्ने कार्य सार्वजनिक खरिद व्यवस्थापन हो । सार्वजनिक खरिद व्यवस्थापनको प्रभावकारी अभ्यासबाट साधनस्रोतको समुचित उपयोगलाई व्यवस्थित गर्न सकिन्छ । सार्वजनिक निकायका उद्देश्य प्राप्तिका लागि सार्वजनिक स्रोतसाधनको प्रयोग गर्दा राष्ट्रको सर्वोत्तम हित कसरी हुन्छ भन्ने कुराको ख्याल गर्नुपर्छ ।

सरकारी कोषलाई जनता एवं राष्ट्रको हितका लागि प्रयोग गरिनुपर्छ भन्ने सैद्धान्तिक अवधारणाबाट सार्वजनिक खरिद व्यवस्थापनका उपायहरूको विकास भएको पाइन्छ । सार्वजनिक खरिद व्यवस्थापनलाई व्यवस्थित गर्न सक्दा सार्वजनिक निकायमा धेरै प्रकारका सुधार हुँदै जान्छ । यसबाट भ्रष्टाचार नियन्त्रण गर्न, सुशासन कायम गर्न, सार्वजनिक सेवामा गुणस्तर कायम गर्न र सहज तरिकाले सेवा प्रवाह गर्न सहयोग पुग्छ । यिनै कारणले गर्दा सबै लोकतान्त्रिक देशले सार्वजनिक खरिद व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेको पाइन्छ ।

सार्वजनिक खरिद व्यवस्थापनका सम्बन्धमा नेपालमा पर्याप्त कानुनी व्यवस्था गरिएको छ। नेपालको संविधान र अन्य सम्बन्धित कानुनमा कानुनी र

*....बाँकी पृष्ठ ३ मा*

# लघु उद्यमीलाई ई-कमर्शसम्बन्धी तालिम सुरु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका १३ जिल्लाका साना तथा लघु उद्यमीहरुलाई हेटौंडामा ई-कमर्शसम्बन्धी ३ दिने तालिम सुरु भएको छ। बिहीबार नेपाली मौलिक कला र सीपमा आधारित लघु तथा घरेलु उद्योगका उत्पादनहरु प्रवर्द्धनका लागि उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय बागमती प्रदेशको आयोजना र नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजनमा तालिम सुरु भएको हो ।

उद्यमीलाई अनलाइनको माध्यमबाट आफूले उत्पादन गरेको वस्तु अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सक्ने बनाउन तालिम सञ्चालन भएको हो । निर्देशनालयको आर्थिक वर्ष २०८०/०८१ मा स्वीकृत वार्षिक सीप विकास कार्यक्रमअन्तर्गत् साना तथा लघु उद्यमीहरुलाई ई-कमर्शसम्बन्धी तालिम सुरु भएको हो ।

तालिममा १३ जिल्लाका २८ वटा जिल्ला/नगर उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योग महासंघ, निर्देशनालय मातहतका ७ वटा उद्योग वाणिज्य कार्यालय र मकवानपुर बहुमुखी क्याम्पसका विद्यार्थी गरी १ सय जनाको सहभागिता रहेको छ। तालिममा साना तथा लघु उद्यमीहरुले आफ्ना वस्तु तथा सेवाहरुलाई कसरी डिजिटल प्लेटफर्ममा समावेश गर्ने, कुन प्लेटफर्म उपयुक्त हुन्छ, कस्तो प्रस्तुति दिने, स्वदेश तथा विदेशमा समेत कसरी बजार खोज्ने, नेटवर्किङ, डिजिटल पेमेन्ट, साइबर सुरक्षालगायतका विषयहरुमा ज्ञान र सीप हासिल गर्ने लक्ष्य राखिएको छ ।

तालिममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको लघु तथा घरेलु उद्योग समितिका सदस्य मधुसुधन गुरागाईंले सहजीकरण गर्नुभएको छ । तालिममा सौरभ चालिसे र पियुषलाल श्रेष्ठले प्रशिक्षण दिइरहनु भएको छ । तालिम शनिबारसम्म चल्नेछ ।

तालिम उद्घाटन कार्यक्रममा बागमती प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री प्रकाश श्रेष्ठको प्रमुख आतिथ्य तथा बागमती प्रदेशका निर्देशक गोविन्द सिग्देलको सभाध्यक्षता रहेको थियो। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका उपाध्यक्ष गुणराज श्रेष्ठ, लघु तथा घरेलु उद्योग समितिका सभापति लक्ष्मी खनालगायतको उपस्थिति रहेको थियो ।

## सार्वजनिक खरिद...

संरचनात्मक प्रबन्ध गरिएको छ। सुशासन कायम गर्ने महान् लक्ष्यका साथ राज्यका तर्फबाट प्रदान गरिने सार्वजनिक सेवामा सर्वसाधारण नागरिकको सहज पहुँच कायम गर्न नेपालको प्रशासनिक संयन्त्रलाई निष्पक्ष, प्रतिस्पर्धी, पारदर्शी, भ्रष्टाचाररहित, जवाफदेही र सहभागितामूलक बनाउने संकल्पसहितका प्रावधान राखिएका छन् । सार्वजनिक खरिद व्यवस्थापनका लागि छाता कानुनको रूपमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ कार्यान्वयनमा रहेका छन् । प्रदेश र स्थानीय तहहरूले सार्वजनिक खरिद ऐन, २०६३ को मूल मर्मलाई आत्मसात् गर्दै आ-आफ्नो सार्वजनिक खरिद नियमावली बनाउन सक्ने व्यवस्था गरिएको छ ।

सार्वजनिक खरिद प्रक्रियालाई विद्युतीय माध्यमबाट प्रभावकारी बनाउन र खरिद कार्यलाई थप व्यवस्थित गर्न समय-समयमा सरकारले आवश्यक निर्देशिका जारी गर्दै आएको छ। सार्वजनिक खरिदलाई पर्याप्त महत्व दिँदै सार्वजनिक खरिद अनुगमन कार्यालय स्थापना गरिएको छ। सार्वजनिक खरिद प्रणालीलाई केन्द्रीय विद्युतीय प्रणालीसँग आबद्ध गराई विद्युतीय शासनको प्रवर्द्धन गरिएको छ ।

सार्वजनिक खरिद प्रक्रियामा आवश्यकता पहिचानदेखि सम्झौतासम्मका विभिन्न क्रियाकलाप समावेश भएको पाइन्छ। सार्वजनिक खरिदका चरण विभिन्न भए पनि सामान्यतया माग संकलन, खरिद योजना, सूचना प्रकाशन, बोलपत्र-दरभाउपत्र बिक्री, बोलपत्रपूर्वको बैठक, बोलपत्र-दरभाउपत्र खोल्ने, बोलपत्र-दरभाउपत्र मूल्यांकन, स्वीकृतिको आशयको सूचना, बोलपत्र-दरभाउपत्र स्वीकृति, खरिद सम्झौता र सम्झौता कार्यान्वयनलगायतका सार्वजनिक खरिद चक्रका चरण अवलम्बन गर्ने गरेको पाइन्छ । खरिद गरिने वस्तु वा सेवा र निर्माणलगायत फरक-फरक खरिद व्यवस्थापनमा अवलम्बन हुने चरण फरक-फरक हुन सक्छन् । सामान्यतया खरिद चक्र आवश्यकता वा माग पहिचानबाट सुरु भई ठेक्का प्रदान र ठेक्का प्रशासनका चरण हुँदै ठेक्काको समाप्तिमा अन्त्य हुन्छ । ठेक्का प्रदान भएपछिको समग्र सुपरिवेक्षण र त्यसका आधारमा गरिने क्रियाकलाप ठेक्का प्रशासनका चरण हुन् ।

सरकारी स्रोतको दुरुपयोग नहोस् र यसको बढीभन्दा बढी उत्पादकत्व होस् भन्ने नै सार्वजनिक खरिद व्यवस्थापनको मूल मर्म हो। सार्वजनिक खरिद व्यवस्थापनका उद्देश्यहरु सार्वजनिक निकायका काम-कारबाहीलाई सबैको स्वीकारयोग्य बनाउनु, सार्वजनिक निकायका कारबाहीमा इच्छुक सबैलाई सहभागी गराउने अवसरको सिर्जना गर्नु, सार्वजनिक निकायलाई कानुन, विधि, प्रक्रियामा बाँध्नु र एकरूपता कायम गर्नु, सरकारी स्रोतबाट अधिकतम उपलब्धि हासिल गर्नु, सार्वजनिक स्रोतको दुरुपयोग रोकी सुशासन कायम गर्नु यसमा संलग्न निकायहरुको क्षमता वृद्धि गरी अझ बढी पारदर्शी, विश्वसनीय बनाउनु एवं गुणस्तरीय कार्य गर्नु, निजी क्षेत्रलाई प्रतिस्पर्धा गराई राज्यका काम-कारबाहीमा सहभागी गराउनु, निजी क्षेत्रको सिर्जनात्मक क्षमता वृद्धि गर्नु, सार्वजनिक खरिदको माध्यमबाट आर्थिक क्रियाकलाप वृद्धि गरी आर्थिक वृद्धि, विकास र रोजगारी सिर्जना गर्नु, राज्यको आवश्यकता, अवसर पत्ता लगाई त्यसको सम्बोधन गर्नु, अन्तर्राष्ट्रिय प्रविधि र व्यावसायिकता भित्र्याउनु, जनतालाई सहज, सुपथ मूल्यमा गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउनु आदि रहेका छन् । राष्ट्रिय बजेट कार्यान्वयन गर्नका लागि सार्वजनिक खरिदको आवश्यकता पर्छ।

नेपालको खरिद प्रणाली समस्याग्रस्त छ। सार्वजनिक खरिदका लागि दीर्घकालीन सोचसहितको वार्षिक खरिद योजना बनाउने गरिएको छैन । यथासमयमा सार्वजनिक खरिद हुन नसक्दा विकास निर्माणका पक्ष प्रभावित बनिराखेको छ । विकास निर्माणका विषय अलपत्र पर्ने, खर्च बढी हुँदै जाने अवस्था छ। सार्वजनिक खरिदसम्बन्धी करारको कार्यान्वयन राम्ररी र उपयुक्त ढंगले हुन सकेको छैन ।

सबै सार्वजनिक निकायको खरिद एकाइमा रहने पदाधिकारीको योग्यता निर्धारण नगरिँदा खरिद एकाइ प्रभावकारी नभएकाले खरिद एकाइमा रहने पदाधिकारीको योग्यता निर्धारण गरी उक्त एकाइको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन जरुरी छ। संघ, प्रदेश र स्थानीय तहका कर्मचारी, जनप्रतिनिधि तथा आपूर्तिकर्ताको खरिद प्रतिस्पर्धी क्षमता नबढाएसम्म सार्वजनिक खरिद व्यवस्थापनमा प्रभावकारिता आउन सक्दैन। यसका लागि सार्वजनिक खरिद व्यवस्थापन शिविर सञ्चालन, सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश प्रशिक्षण प्रतिष्ठानहरूसँगको सहकार्यमा सबै प्रदेश तथा स्थानीय तहको खरिद क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पटक-पटक संशोधन भएका सार्वजनिक खरिद ऐनलाई विज्ञहरूको परामर्शमा पुनः संघीय संरचनाअनुरूप र सामयिक संशोधन गर्न अपरिहार्य छ ।

सार्वजनिक खरिद आमनागरिकको करबाट गरिने खर्च भएकाले जनताको माग, आवश्यकता, राज्यको सामर्थ्य, अन्तर्राष्ट्रिय मान्यता तथा अभ्यास आदिलाई ध्यान दिँदै नैतिकता र इमानदारितापूर्वक परिचालन गरिनुपर्छ । सार्वजनिक खरिदका सम्पूर्ण कार्यलाई खरिद विधि र ऐन-नियमको पूर्ण परिपालनामार्फत व्यवस्थित गर्न अपरिहार्य छ। सरकारी क्षेत्रले गर्ने पुँजीगत खर्चको करिब ९० प्रतिशत काम खरिद नै हुने हुनाले पुँजीगत खर्चको मात्रा र गुणस्तर सुनिश्चित गर्न पनि सार्वजनिक खरिद व्यवस्थापनमा रहेका समस्या हल गरी अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ । सार्वजनिक खरिद व्यवस्थापनसम्बन्धी प्रावधान इमानदारीका साथ कार्यान्वयन नहुँदा सबै प्रकारका अनियमितता र भ्रष्टाचार बढेको छ । सार्वजनिक खरिद व्यवस्थापन प्रभावकारी हुँदा सुशासन कायम हुन्छ । सुशासन कायम गर्नु नेपालका लागि ठूलो चुनौती हो ।

*(स्रोतः कारोबारदैनिक)*


# मकवानपुर बाल विद्या सदन

हेटौंडा-१८, खड्कुले


## गर्मी मौसममा स्वास्थ्यको ख्याल कसरी गर्ने ?

यतिबेला उच्च गर्मीको मौसम छ। गर्मीको मौसममा शरीरमा आलस्यता बढ्नु, चक्कर लाग्नु, शरीरमा क्याल्सियमको कमी हुनु, मुर्छा पर्नु लगायतका समस्याको सामना गर्नुपर्ने हुन्छ। गर्मीमा धेरै मात्रामा पानी पिउनु पर्छ भन्ने सबैले जानेका छौँ । तर, त्यसबाहेक अरु के गर्दा शरीरमा फूर्ति बढ्छ आउनुहोस् जानौं ।

**मौसम अनुसारको खानपिन**: मौसम अनुसारको खानपानले गर्मीबाट हुने समस्याबाट छुट्कारा पाउन सकिन्छ। त्यस्तै शीतलताका लागि खर्बुजा प्रयोग गर्नु राम्रो मानिन्छ गर्मीमा । खर्बुजामा ९० प्रतिशत पानीको मात्रा हुने भएकोले यसलाई दैनिकरुपमा प्रयोगमा ल्याउन सकिन्छ । त्यस्तै हरियो तरकारी, मौसम अनुसारको फल र हल्का तथा रेशादार खानेकुरा खाँदा गर्मीका कारण शरीरमा बढेको तापमान कम गर्न सकिन्छ ।

**सलाद**: सलादमा ९५ प्रतिशत पानी हुने र प्रोटिनको मात्रा पनि बढी हुनु अनि सलादमा ओमेगा ३ फाइबर र क्याल्सियम समेत पाइने भएकोले गर्मीमा सलाद खानु अत्यन्तै उत्तम मानिन्छ ।



सलादमा फाइबरको मात्रा बढी हुने भएकोले यसले पाचनतन्त्रमा पनि सहयोग गर्छ ।

**ब्रोकाउली**: ब्रोकाउलीमा ८९ प्रतिशत पानी हुन्छ । यसले तपाईलाई गर्मीबाट बचाउन मद्दत गर्दछ ।

**स्याउ**: स्याउमा ८९ प्रतिशत पानी हुन्छ । स्याउ फाइबर, भिटामिन र धेरै मात्राका अन्य पोषकतत्वको राम्रो स्रोत मानिन्छ । त्यस्तै अनारले पानीको मात्रा पुरा गर्न सहयोग गर्दछ ।

**चामलको भात**: मानिसको स्वास्थ्यका लागि भात भन्दा बढी रोटी फाइदाजनक मानिन्छ । तर, स्वास्थ्यविज्ञहरुका अनुसार गर्मीमा भात पानीको राम्रो स्रोत मानिन्छ । भातले शरीरमा पानीको मात्रा पूरा गर्न सहयोग गर्दछ। भातमा आइरन, कार्बोहाइड्रेट र अन्य तत्व प्रचुरमात्रामा पाइन्छ ।

**दही**: गर्मीमा पानीको कमि पूरा गर्नका लागि दही अत्यन्तै फाइदाजनक मानिन्छ । दहीमा ८५ प्रतिशत पानीको मात्रा हुन्छ ।

**हरिया तरकारीहरू**: गर्मीको मौसममा लौका, करेला, फर्सी, काँक्रा, परवल, भिन्डी र सागसब्जीहरू भान्सामा बढी प्रयोग गर्नुहोस् ।

**सरसफाइमा विशेष ध्यान दिनुहोस**: गर्मीका कारण विभिन्न रोगको संक्रमण बढ्ने खतरा हुन्छ । त्यसकारण सरसफाइमा विशेष ध्यान दिनुहोस् । गर्मीका बेला धेरै समय बाहिर नरहनुहोस् । शरीरमा पानी कम हुन नदिन विशेष ध्यान दिनुहोस् ।

**गर्मीमा के नगर्ने ?**

खानामा धेरै मसला र तेल प्रयोग नगर्नुहोस् । बासी खानेकुरा नखानुहोस् । मासु कम खानु होस् । बाहिर निस्कँदा पानी पिएर निस्कनुहोस् । सकेसम्म शरीरलाई कपडाले छोप्नुहोस् ।


सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौ र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community



## केरामा लाग्ने पानामा रोग ट्रोपिकल रेस-४ (TR4)

केरामा लाग्ने पानामा रोग फ्युजारियम अक्सिस्पोरियम क्युवेन्सिको नामक ढुसीबाट लाग्छ । हाल नेपालमा फ्युजारियम अक्सिस्पोरियम क्युवेन्सिको अत्यन्त खतरनाक मानिएको प्रजाति ट्रोपिकल रेस ४ पहिलो पटक देखा परेको छ । यो रोग अन्यत्र फैलन नदिन निम्नानुसारको कुराहरुमा ध्यान दिनुपर्छ :–

- यो रोग माटो, पानी, कृषि औजार, उपकरण र रोग संक्रमित बिरुवा एवम् बिरुवाजन्य वस्तुहरुबाट फैँलन सक्ने भएकोले संकास्पद केरा बगैँचामा जाँदा जुत्ता, चप्पललाई सुज कवर वा प्लाष्टिकले ढाकेर मात्र जाने र केरा बगैँचाबाट निस्कनु पूर्व गहिरो खाडलमा गाड्ने वा सुरक्षित साथ जलाएर नष्ट गर्ने तथा संक्रमित बगैँचाबाट केरामा बिरुवा तथा बिरुवाजन्य उपजहरु जथाभावी अन्यत्र नलैजाने,
- तन्तु प्रजनन तरिकाबाट उत्पादित रोग रहित स्वस्थ बिरुवा मात्र रोपण गर्ने,
- केरा बगैँचामा प्रयोग हुने औँजार, उपकरणलाई १ प्रतिशत सोडियम हाइपोक्लोराइड वा १० प्रतिशत ब्लिच (९०० एम एल पानीमा १०० एम एल ब्लिच) मा उपचार गरेर मात्र अर्को फिल्डमा प्रयोग गर्ने,
- केरा तथा केराका बिरुवा तथा बिरुवाजन्य वस्तुहरु ओसारपसार गर्ने ढुवानीको साधनहरु शंकास्पद बगैँचाभित्र प्रवेश गर्न नदिने,
- रोग ग्रसित बगैँचामा प्रवेश निषेध गर्न साइड बोर्ड टाँस्ने,
- रोग संक्रमित बिरुवालाई रातो रिवन वा ट्यागले छुट्याउने र सो क्षेत्रमा मानिस र जनावरको प्रवेश निषेध गर्ने,
- बगैँचालाई झारपात र केराका रोगी, सुकेका र झरेका पातपतिङ्गरबाट मुक्त राख्ने,
- थोपा सिंचाई प्रविधि अवलम्बन गर्ने,
- रोग संक्रमित बगैँचाबाट अन्य बगैँचामा पानी बग्न नदिने,
- भारतीय नाकाबाट भित्रीने केराको काइयो वा हत्ता बाहेक अन्य कुनै पनि भाग भित्रन नदिने,
- केरा व्यवसायीले केरा बोक्ने गाडीको चक्का सफा पानीले धोई १० प्रतिशत ब्लिचले निसंक्रमण उपचार गरेपछि मात्र भित्रिन दिने,
- सोही प्रक्रियाबाट गाडीका चालक, सहचालक लगायतका कामदारहरुले जुत्ता चप्पल निसंक्रमण गर्ने,
- केरा बगैँचामा रोगको लक्षण देख्ने बित्तिकै स्वस्थ र रोग ग्रसित सबै बिरुवामा ढुसीनासक विषादी कावेन्डाजिम ५० प्रतिशत WP को १ देखि ३ ग्राम प्रतिलिटर पानीमा मिसाई तयार गरिएको झोल जराको वरिपरी ३ देखि ५ लिटर प्रति बोटका दरले जरा भिज्ने गरी १५/१५ दिनको अन्तरालमा ५ पटक ड्रेनचिङ्ग गर्ने,

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल



## श्री जनज्योति माध्यमिक विद्यालय

हेटौंडा उपमहानगरपालिका-१४, मयुरधाप
मकवानपुर

### शिक्षक आवश्यकता

*प्रथमपटक सूचना प्रकाशित मिति २०८१।०१।२८ गते*

उपरोक्त सम्बन्धमा शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगरपालिकाको मिति २०८१।०१।१८ को पदपुर्ति अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०१।२३ को बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपसिल बमोजिमको शिक्षक आवश्यक परेको हुँदा उक्त पदपुर्तिका लागि योग्य इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | तह/पद | प्रकार | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ००७/०८०/०८१ | उ.मा.शि. | राहत | १ | |

१. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
२. शैक्षिक योग्यता : मूल लेखा विषय लिई द्वितीय श्रेणीमा स्नात्तकोत्तर वा सो सरह उतीर्ण ।
३. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता (संशोधन नयाँ पाठ्यक्रम अनुसार), आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा ।
४. तलब भत्ता : नेपाल सरकारको राहत कोटाका लागि तोकिए बमोजिम ।
५. दरखास्त दस्तुर : निवेदन साथ रु. १,५००।- (एक हजार पाँच सय मात्र) को बैंक भौचर (ने बै लि. खाता नं. 02500100441794000001) पेश गर्नुपर्ने।
६. दरखास्त दिने अन्तिम दिन : प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र विद्यालय समय भित्र ।
७. दरखास्त दिने स्थान : विद्यालयको प्रशासनिक कक्ष ।
८. सम्पर्क मिति : २०८१।०२।१३ गते बिहान ११:०० बजेपछि
९. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइने छ ।
१०. **आवश्यक कागजातहरु :**
क) नेपाली/अंग्रेजी माध्यममा हस्तलिखित निवेदन - १ थान
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - २ थान
ग) SLC/SEE देखि माथिका शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपि २/२ थान
घ) अध्यापन अनुमतिपत्रको प्रतिलिपि - २ थान
११. शिक्षक सेवा आयोगबाट लिएको पछिल्लो परीक्षाको करार सूचीमा नाम सूचिकृत भएको उमेदवारहरुले विज्ञापन भएको मितिले ७ (सात)दिन भित्रमा निवेदन दर्ता गर्नुपर्नेछ ।

सम्पर्क नं.९८४५३७३८०४, ९८०४२८५१०८
ईमेल jjhsshtd@gmail.com

**प्रधानाध्यापक**

# प्रधानाध्यापक बैठकमा शैक्षिक रुपान्तरणसम्बन्धी छलफल



*प्रधानाध्यापक बैठकलाई सम्बोधन गर्नुहुँदै शिक्षा विकास महाशाखा प्रमुख सीताराम कोइराला ।*

समाज संवाददाता

हेटौंडाः शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगरपालिकाले शैक्षिक रुपान्तरणका लागि प्रधानाध्यापकहरुसँग छलफल गरेको छ । बिहीबार हेटौंडामा भएको सामुदायिक विद्यालयको प्रधानाध्यापकहरुको बैठकमा शैक्षिक रुपान्तरणसम्बन्धी छलफल भएको हो ।

शिक्षा विकास निर्देशनालय बागमती प्रदेशका महानिर्देशक दीपेन्द्र सुवेदीले अरु ठाउँहरुमा भन्दा हेटौंडा उपमहानगर पालिकाको विद्यालयका विद्यार्थीहरुले उत्कृष्ट अंक ल्याउने गरेको बताउनुभएको छ । सबै शिक्षकहरुले आफूमा भएको कमजोरीको मूल्यांकन गरेर त्यसलाई न्यूनीकरण गर्ने कार्यमा लाग्नुपर्ने उहाँले बताउनुभयो ।

आफूले मिहिनेत गरे पनि शैक्षिक क्षेत्रमा आकर्षण बनाउन काम गरेका छौं कि छैनौं भन्ने कुरालाई मध्यनजर गर्नुपर्ने उहाँको भनाइ छ । गतवर्षको तुलनामा चालु शैक्षिक सत्रमा नयाँ योजना, नयाँ कार्यक्रमको प्रस्तुतिकरणमा जोड दिनुपर्ने उहाँले औंल्याउनुभयो । श्रोत र साधनको राम्ररी प्रयोग गरेर विद्यालयलाई राम्ररी व्यवस्थापन गर्ने कार्यमा सबै शिक्षकहरु लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सामुदायिक विद्यालयहरुमा आयोजना गरेका कार्यक्रमले विद्यार्थीहरुको सिकाइको क्षेत्रमा सकारात्मक प्रभाव परेको छ कि छैन भन्ने कुरालाई मध्यनजर गर्न आवश्यक रहेको उहाँको दावी छ । श्रोत र साधनको ख्याल गरेर विद्यालयको व्यवस्थापनमा सुधार गर्ने कार्यमा लाग्नुपर्ने उहाँले धारणा राख्नुभयो ।

विभिन्न पालिकाहरुलाई सूचित गर्दा पनि अनिवार्य र निःशुल्क शिक्षा घोषणा हुन नसकेको उहाँले बताउनुभयो । नीति र कार्यक्रमलाई नजरअन्दाज नगरिकन काम गर्नुपर्ने उहाँले बताउनुभयो । कतिपय विद्यालयहरुले शिक्षा ऐन र नियम ख्याल नगरेको उहाँले बताउनुभयो । सबै शिक्षकहरुले आफूले गरेको कामको नीतिगतरुपमा खोजी गर्नुपर्ने उहाँको भनाइ छ । शिक्षा विकासबाट आएको अनुदानहरुलाई विद्यालयहरुमा प्रदान गरिने उहाँले प्रष्ट पार्नुभयो । बागमती प्रदेशको २ सय ७७ वटा विद्यालयहरुमा शून्य दरबन्दी रहेको उहाँको भनाइ छ ।

कक्षामा पढ्न मिल्ने वातावरण बनाउने काममा विद्यालयका प्रधानाध्यापकहरुले नै जोड दिनुपर्ने उहाँको भनाइ छ । शिक्षकहरुले एकअर्कामा डाइनामिक र भिजनरी लिडरसीप गर्नुपर्ने इकाई प्रमुख गौतमले बताउनुभयो । सबै शिक्षकहरुले एकअर्काबीच सहकार्य गरेर अगाडि बढ्न आवश्यक रहेको उहाँले औंल्याउनुभयो । सामुदायिक विद्यालयलाई अगाडि बढाउने विषयमा छलफल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमले शैक्षिक क्षेत्रको गुणस्तर सुधार गर्नका लागि लगानी आवश्यक पर्ने बताउनुभएको छ । शिक्षकहरुको विषयगत दरबन्दी मिलान हेटौंडा उपमहानगरपालिकाले गर्न नसकेको उहाँले बताउनुभयो । विद्यालयको प्रधानाध्यापकहरुबाट नै सिकाइको वातावरण मिलाउने काम गर्नुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाको विभिन्न विद्यालयहरुका प्रधानाध्यापकहरुको उपस्थिति रहेको थियो । हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयका प्रधानाध्यपापक परमानन्द सरोज कर्णले नवनियुक्त प्रधानाध्यापकहरुलाई तालिम दिन आवश्यक रहेको धारणा राख्नुभयो । उहाँले नवनियुक्त प्रधानाध्यापकहरुलाई तालिम नदिएकाले असहज वातावरणको सिर्जना हुने गरेको बताउनुभयो ।

कार्यक्रममा सहभागी प्रधानाध्यापकहरुले महिलाहरुले प्रयोग गर्नका लागि राम्रो प्याडको व्यवस्था नभएको बताएका छन् । राम्रो प्याडको प्रयोग गर्न नपाएका कारण महिलाहरुमा एलर्जीको समस्या बढ्ने गरेकोमा चिन्ता व्यक्त गरेका हुन् । प्रधानाध्यापकहरुले औंल्याउनुभएको समस्या समाधान गर्न महाशाखाले विषगतरुपमा अगाडि बढेर काम गर्ने महाशाखा प्रमुख कोइरालाले बताउनुभएको छ ।

विभिन्न विद्यालयहरुमा गएर विद्यालयको गतिविधि बुझेर सुधार गर्ने कार्यमा लाग्ने उहाँको भनाइ छ । उहाँले विषयगत शिक्षक दरबन्दी मिलानमा दरबन्दी थप गर्ने, शिक्षाको क्षेत्रमा लगानी वृद्धि गर्ने र अतिरिक्त क्रियाकलाप, क्षमता विकास र प्रारम्भीक विकासमा लगानी वृद्धि गर्ने बताउनुभयो । यस्तै वैकल्पिक कक्षा सञ्चालन, दिवा खाजाको व्यवस्थापन र शिक्षक बैंक व्यवस्थापन कार्य गर्ने बताउनुभयो ।

## आधुनिकका प्रधानाध्यापक गुरागाईका योजना

# अभिभावकसागको अन्तरक्रिया साह्रै राम्रो उपलब्धी



*रामसागर गुरागाई*
*प्रधानाध्यापक, आधुनिक राष्ट्रिय मावि*

शैक्षिकसत्र २०८० का लागि तय गरेका योजना भनेको भौतिक व्यवस्थापन र विद्यार्थी भर्नाको योजना थियो । २०७९ सालको एसईईमा ३ सय ५१ जना विद्यार्थी सहभागी भएका थिए । शैक्षिक सत्रमा ३ सय ५५ जना विद्यार्थीमात्र भर्ना गर्ने भन्ने हाम्रो योजना थियो । अर्को विद्यार्थी संख्या र कक्षा संख्या बढिरहँदा फेरी हामीले ८ जना निजी श्रोतका शिक्षकका लागि विज्ञापन गर्ने भन्यौ किनकी हामीले अघिल्लो वर्ष हाम्रो विद्यार्थीहरुको संख्या धेरै बढी थियो ।

विद्यार्थीहरुको संख्या ६०, ६५ थियो । प्राथमिक तहमा चाहिँ आगामी वर्षदेखि ३५ गर्नुपर्छ भनेर विद्यार्थीहरुलाई कक्षाको संख्या फोडेर सेक्सन बढाएर शिक्षकहरु थप्यौं । इसीडीको कक्षा सुधार र खेल सामग्री व्यवस्थापन गर्ने कार्ययोजना थियो । पहिले इसीडी अत्यन्त कमजोर थियो । अहिले नमुना इसीडीको रुपमा विकास भएको छ । बाहिरबाट कोही साथीहरु आउनुभयो भने आधुनिक राष्ट्रिय माविको इसीडी कक्षा हेर्न जानुपर्छ भन्ने हिसाबले हामीले तयारी गरेका छौ । विषयगत विभाग गठन र कार्यविभाजनको नीति पनि थियो । शैक्षिक सत्र २०८० मा हामीले कक्षा-११ मा विज्ञान विषय स्विकृत गर्ने कार्ययोजना थियो ।

शैक्षिकसत्र २०८० का लागि योजनाको प्रभावकारी कार्यान्वयनका लागि तयार गरिएको कार्ययोजना ५ वटा नयाँ कक्षाकोठा थप निर्माण र कक्षा सञ्चालन, एक सय थान नयाँ डेक्स बेन्जहरुको निर्माण र प्रयोग, स्थानीय पत्रपत्रिका विज्ञापन प्रकाशित गरी आयोगको छनोट प्रक्रिया अनुसार शिक्षक छनोट, इसीडी कक्षमा इनर आउटर र खेल सामग्रीहरु व्यवस्थापन लगायत हामीले करिब १२ लाख रुपैयाँ अघिल्लो बर्ष इसिडी कक्षालाई मात्रै लगानी गरेका थियौं । कक्षा ११ मा ५१ जना विद्यार्थी भर्ना भएर अहिले लगभग सबै ५१ जना विद्यार्थी नै हाम्रो विज्ञान विषयमा अध्ययनरत छन् । शैक्षिक शत्र २०८० को महत्वपूर्ण उपलब्धी विषयगत विभाग गठन र जिम्मेवारी बहन गरेकोले साथै सम्पूर्ण योजना कार्यान्वयनमा आएको छ ।

आधुनिक राष्ट्रिय माविमा ५ वटा विभागहरु छन् । विभागको समन्वयले गर्दा फेरी धेरै गतिविधिहरु चाहिँ सामुहिक प्रयत्नमा जाने र प्रधानाध्यापकको कार्यवोझ धेरै हलुको भएको छ । कक्षागत र तहगत संयोजकको व्यवस्था र हाम्रो अहिले हरेक कक्षामा १ वटा घण्टीमा ५८ वटा कक्षा संचालन हुन्छ र ५९ जना हाम्रो कक्षाको संयोजक हुनुन्छ । उहाँहरुलाई हामीले तालिका दिएका छौं । त्यस अनुसार उहाँहरुले कक्षामा पढाउनु हुन्छ ।

कक्षामा उपस्थित नभएका विद्यार्थीहरुको अभिभावकहरुलाई हामीले फोन मार्फत जानकारी र पिटीएको सदस्य बिहान ११ बजे आउनु हुन्छ । ६ दिनको समय तालिका अनुसार र एउटा परामर्श कक्षमा फोन जडान गरिएको छ । ११ बजेभित्र सबै रजिष्टरमा हाजिर भएर आउँछ र उहाँहरुले आज कोको विद्यार्थीहरु अनुपस्थित भएका छन् अभिभावकलाई फोन गर्नुहुन्छ । अपेक्षा भन्दा पनि राम्रो अध्ययन गरी विज्ञान विषय सकारात्मक रुपमा छ । अन्य विद्यालयहरुमा भर्ना भएका विद्यार्थीहरु पनि पछि उहाँहरुले साथीहरुसँगै पछि बुझेर अन्य क्षेत्रमा छोडेर भर्ना गरिसकेको पैसा पनि छोडेर पुनः आधुनिकमा आएर भर्ना हुनुभयो । सिकाई उपलब्धीमा वृद्धि भएको, तोकिएको अनुसार सक्षमता हासिल भएको, सबै कक्षाको अभिभावक भेलाहरु सम्पन्न भएको र सबैभन्दा कम ३ पटक अभिभावक भेला भएको छ । कक्षा-१० को अन्तरक्रिया छलफल कार्यक्रम ८ पटक सम्म भएको छ । जसकारण अभिभावक र हाम्रो अन्तरक्रिया अहिले साह्रै राम्रो उपलब्धीको रुपमा रहेको छ ।

शैक्षिक सत्र २०८० का लागि तय गरिएको उद्देश्यहरु हासिल गर्न नसक्नुमा बढ्दो विद्यार्थीहरुको संख्या, कक्षागत चापको कारण, विद्यार्थीहरुको संख्या अनुसार शिक्षक व्यवस्थापन हुन नसक्नु, शिक्षकहरुको र नीजि श्रोतमा हामीले हरेक वर्ष ८ जना १० जना विज्ञापनहरु थप्दै लग्छौं । अनि शिक्षक व्यवस्थापनमा कठिनाई हुन्छ । शिक्षक आउने जाने चाहिँ हामीलाई साह्रै कठिनाईको रुपमा रहेको छ । एउटै शिक्षकबाट वर्षैभरी एउटै कक्षामा शिक्षण गराउन पाउने अवस्था रहेन । अघिल्लो पटको चुनौती अपेक्षा गरेको श्रोत र साधन उपलब्ध हुन नसकेको, जति हामीले स्थानीय तह वडा पालिका वा अन्य निकायहरुबाट अपेक्षा गरेका हुन्छौं त्यो चाहिँ अपेक्षामा मात्रै रहिरह्यो र प्राप्त हुन सकेन ।

बन्द, हड्ताल, शोक सभा र गर्मी विदाका कारणले गर्दा तोकेको पाठ्यक्रमको समय नपुग्नु जस्तो हामीले सबै कुराको मूल्याङ्कन गरिसक्यौं । २ सय ७ दिन परीक्षादेखि बाहेकको पाठ्य घण्टा चनाउने भन्ने थियो तर फेरी जम्मा १ सय ९२ दिन मात्र पुग्यो । कक्षा १० मा २ सय ९२ हाजिरको दिन पुग्दा अन्य कक्षाको हाजिरी १ सय ९२ मात्र पुगेको थियो । हाम्रो पहिले लक्ष्य थियो २ सय ७ दिन पुऱ्याउने भन्ने थियो तर यो पनि एउटा चुनौती रह्यो । विशेषगरी तल्ला कक्षाहरुमा विद्यार्थीहरुको अनुपस्थितिदर घटाउन नसक्नु माथिल्लो कक्षाहरुमा त्यस्तो अनुपस्थिति छैन तर तल्लो कक्षहरुमा दशमलवको मा छ । तल्लो कक्षाहरुमा विद्यार्थीहरु अनुपस्थिति बढी छ ।

चालु शैक्षिक शत्रको सिकाई कक्षागत विद्यार्थीहरुको संख्या ३५ आधारभुत तहमा र ४५ माध्यमिक तहमा हुनुपर्नेमा भन्ने कुराहरु सिकाईको रुपमा रहयो । कक्षागत, तहगत, विषयगत संयोजकहरुलाई दिएको चार्ट अत्यनतै राम्रोसँग पालना भएको पायौं हामीले ।

(२०८० चैत २५ गते आयोजना गरिएको कार्यक्रममा हेटौंडा-४, स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको योजना प्रस्तुती कार्यक्रममा प्रधानाध्यापक रामसागर गुरागाईले प्रस्तुत गर्नुभएको विवरणको सम्पादित अंश)

# लामा मृत फेला

समाज संवाददाता

हेटौंडाः नुवाकोट जिल्लाको ककनी गाउँपालिका-५, सिम्लेमा एक जना पुरुष मृत अवस्थामा फेला परेका छन् । मृत फेला पर्नेमा शिवपुरि गाउँपालिका-८ का ५३ वर्षीय कृष्णबहादुर लामा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बुधबार बिहान ९ बजेर ४५ मिनेटको समयमा लामा आफ्नै घरदेखि २ किलोमिटर पर घट्टेकुलोमा मृत अवस्थामा फेला परेका थिए । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुली लगिएको प्रहरीले जानकारी दिएको छ ।

# स्कुटर पल्टिँदा चालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-१०, चौबिसकोठीमा स्कुटर अनियन्त्रित भई पल्टिएर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा भरतपुर महानगरपालिका-७, कटहर चोकका ६५ वर्षीय खड्कराज उपाध्याय सुवेदी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बुधबार बिहान ९ बजेर २० मिनेटको समयमा कटहर चोकबाट चौबिसकोठीतर्फ आउँदै गरेको इलेक्ट्रिक स्कुटर आफैं अनियन्त्रित भई दुर्घटना हुँदा सुवेदी घाइते भएका थिए । घाइते सुवेदीलाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएको थियो । अवस्था गम्भीर भएपश्चात् थप उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा दिउँसो ३ बजेर ४० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

साताव्यापी पशु आहार अभियान कार्यक्रम
पशुको आहारमा लागत कम गरी गुणस्तरीय र सन्तुलित आहारद्वारा दूधको उत्पादन बढाउने अभियान ।
मितिः २०८१ साल बैशाख २३ गतेदेखि बैशाख २९ गतेसम्म मकवानपुर जिल्लामा ।
आयोजक
प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश
सह-आयोजक
जिल्ला दुग्ध उत्पादक सहकारी संघ, मकवानपुर

डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।
सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेंलो फैलिन गई वन, वन्यजन्तु र मानवीय क्षति समेत पुऱ्याउँन सक्ने हुँदा डढेंलो लाग्नबाट जोगाउँन विशेष सावधानी अपनाऔं ।
डिभिजन वन कार्यालय, मकवानपुर

जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा जनहितमा जारी सन्देश ।।
बालबालिकाहरुलाई विभिन्न रोगहरुबाट बचाउन जन्मे देखि १५ महिना सम्मको उमेरमा १३ वटा रोगहरु विरुद्धका खोपहरु नेपाल सरकारबाट निःशुल्क उपलब्ध हुन्छ । बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराए मात्र बालकालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगहरुबाट बचाउन सकिन्छ ।
तसर्थ, १५ महिना उमेर भित्रमा लगाउनुपर्ने सबै खोपहरु समयमै पुरा गराऔं । १५ महिनामा लगाउनुपर्ने दादुरा रुबेला दोस्रो मात्रा र टाईफाइड लगायतका खोपहरु छुट भएको भए नजिकको खोप केन्द्रमा लगि सबै खोपहरु तोकिएको उमेरमा पुरा गराऔं । पूर्ण खोप लिएमा मात्र बालबालिकालाई रोगहरुबाट सुरक्षित राख्न सकिन्छ ।
खोपहरु लगाए पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धि कुनै जानकारी आवश्यक परेमा नजिककै स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.स्वा.स्वय.से.वा निशुल्क कल सेन्टर १११५ मा सम्पर्क गरौं याद गर्नुहोस । जन्मे देखि १५ महिना सम्मको उमेरमा लगाउनुपर्ने सबै खोपहरु पूरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगबाट बचाउन सकिन्छ ।
जिल्ला खोप समन्वय समिति तथा
जनस्वास्थ्य कार्यालय, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ